# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, चैत्र ११ गते, २०७८ साल (अतिरिक्ताङ्क ४५

# भाग २

## प्रदेश सरकार

## शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।१२।११ मा स्वीकृत भएको "**<u>प्रदेश खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०७८</u>**" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**<u>प्रदेश खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०७८</u>**

प्रस्तावनाः प्रदेश खेलकुद विकास नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सरकारले यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०७८" हुनेछ।

- (२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश खेलकुद विकास नियमावली, २०७८ (यसपछि मूल नियमावली भनिएको) को नियम १० मा संशोधनः</u> प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम १० को उपनियम (६) पछि देहाय बमोजिमको उपनियम (७) थप गरिएको छ ।

- "(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐन बमोजिम गठन भएको परिषद् विघटन भएमा त्यस्तो परिषद्ले विघटन हुनुभन्दा अगाडि गठन गरेको समिति स्वतः विघटन हुनेछ।"

३. मूल नियमावलीको नियम २६ मा संशोधनः नियम २६ को-,

(१) उपनियम (१) हटाईएको छ।

(२) उपनियम (२) मा रहेका "परिषद्को सिफारिसमा" भन्ने शब्दहरु झिकिएका छन्।

प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णय मिति २०७८।१२।११

**आज्ञाले,**
**कृष्ण प्रसाद पन्थ**
**प्रदेश सचिव**